म.नि. प्र. का. द.नं : १७६/०६८, वर्ष १२, अंक १११ | शनिबार १७ मंसिर २०७९ | ने. सं. ११४३ थिंलाथ्य | 3 December, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडा-१३ स्थित तातोपानी जाने बाटोको स्ल्याब ढलान

हेटौंडा, १६ मंसिर/हेटौंडा उपमहानगरपालिका-१३ स्थित तातोपानी जाने बाटोको स्ल्याब ढलान गरिएको छ । उक्त स्थानमा ७४ मिटर लम्बाई र ६ मिटर चौडाई स्ल्याब ढलान शुक्रबार सम्पन्न गरिएको हो । उक्त स्ल्याब ढलानको उद्घाटन हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ का अध्यक्ष पेमा लामाले गरेका छन् । सो क्रममा वडाध्यक्ष लामाले आफ्नो वडाका बाटोको स्ल्याब ढलान र आवश्यकता अनुसार चौडा गर्ने कार्यमा आफु जुटिरहेको र आगामी दिनमा पनि सक्दो लागि पर्ने बताए । हेटौंडा उपमहानगरपालिकाको ६ लाख रुपैयाँ, तातोपानी इनार जाने बाटो निर्माण उपभोक्ता समितिको ७६ हजार २३ रुपैया ४९ पैसा र स्थानीयको ७५ हजार ११३ रुपैयाँ ७० पैसा गरी ७ लाख ५१ हजार १३७ रुपैयाँ ९ पैसामा स्ल्याब ढलान निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष सानुकान्छा दोडले जानकारी दिए ।

बागमती प्रदेशसभाका १९ सांसद दोस्रो कार्यकालमा पनि निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/बागमती प्रदेशको अघिल्लो कार्यकालका १९ सांसद दोस्रो कार्यकालको लागि पनि निर्वाचित भएका छन् ।

गत मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट बागमती प्रदेशसभाको पहिलो कार्यकालका १९ सांसद पुन:निर्वाचित भएका हुन् । ६६ वटा निर्वाचन क्षेत्र रहेको बागमती प्रदेशमा समानुपातिकसहित ११० सांसद रहन्छन् । ०७४ को निर्वाचनबाट बागमती प्रदेशसभाको पहिलो कार्यकालमा प्रदेशसभा सदस्य बनेका १९ सांसद दोस्रो कार्यकालको लागि पनि जनताबाट अनुमोदित भएका छन् ।

प्रदेशसभाको कतिपय सांसद उम्मेदवार नै बनेनन्,केहि प्रतिनिधिसभामा गए भने केहि पराजित समेत भएका थिए । प्रत्यक्ष तर्फ प्रदेशका ६६ वटा निर्वाचन क्षेत्रमध्ये ६४ वटाको मत परिणाम सार्वजनिक हुँदा ४५ जना पहिलो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् भने १९ जना संसदको दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको मत परिणाम अनुसार काठमाडौंका ७, मकवानपुरका ३, भक्तपुर र काभ्रेका २/२, चितवन, रसुवा, नुवाकोट, धादिङ र सिन्धुपाल्चोकका एक/एक क्षेत्रबाट निर्वाचित भएकाहरु दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । चितवन-१ (ख), काठमाडौं-१ (क), काठमाडौं-३ (क), काठमाडौं-७ (क), काठमाडौं-७ (ख), काठमाडौं-९ (ख), काठमाडौं-१० (क), काठमाडौं-१० (ख), भक्तपुर-१ (ख), भक्तपुर-२ (ख), रसुवा-१ (क), नुवाकोट-१ (क), मकवानपुर-१ (क), मकवानपुर-२ (क), मकवानपुर-२ (ख), धादिङ-१ (ख), सिन्धुपाल्चोक-२ (क), काभ्रे-१ (क) र काभ्रे-२ (क) नम्बर क्षेत्रबाट यस अघि नै संसदीय जिम्मेवारी पाएकाहरु दोस्रो पटक चुनाव जितेर प्रदेशसभा सदस्य बनेका हुन् ।

चितवन-१ (ख) बाट नेकपा एकीकृत समाजवादीका कृष्णप्रसाद शर्मा खनाल १५ हजार ५३६ मत सहित एमालेका प्रकाश

खनाल शैलेशलाई चुनाव हराएर पुन: निर्वाचित भएका हुन् । शैलेशले १४ हजार ८०२ मत पाएका थिए । काठमाडौं-१ (क) बाट कांग्रेसका दिपेन्द्र श्रेष्ठ ६ हजार ३०० मतसहित राप्रपाका नबिन शाही (३ हजार ५०४ मत)लाई पराजित गर्दै पुन: निर्वाचित भएका हुन् ।

त्यसैगरी काठमाडौं-३ (क)बाट कांग्रेसका छिरिङ दोर्जे लामा (४ हजार ५५८ मत)ले एमालेका चन्द्रमान लामा (३ हजार ४१५ मत) लाई, काठमाडौं-७ (क) बाट एकीकृत समाजवादीका वसन्तप्रसाद मानन्धर (५ हजार ८६६ मत)ले एमालेका जीवन मानन्धर (४ हजार ५५५ मत) लाई, काठमाडौं-७ (ख)बाट एमालेका प्रकाश श्रेष्ठ (५ हजार २१८ मत)ले कांग्रेसका सविन तामाङ (५ हजार १३७ मत)लाई, काठमाडौं-९ (ख) बाट एमालेका केशवप्रसाद पोखरेल (८ हजार ४५९ मत)ले कांग्रेसका श्यामकृष्ण खड्का (७ हजार ३४१ मत)लाई, काठमाडौं-१० (क) बाट कांग्रेसका पुकार महर्जन (१० हजार ८२ मत)ले राप्रपाका उमेशराज सापकोटा (७ हजार ४०० मत)लाई, काठमाडौं-१० (ख)बाट एकीकृत समाजवादीकी रमा आले मगर (५ हजार ८१८ मत)ले एमालेका रामशरण आलेमगर (५ हजार १८८ मत)लाई पराजित गरे । विजयी यी सबै दोस्रो कार्यकाल सुरु गर्दैछन् ।

त्यस्तै भक्तपुर-१ (ख)बाट नेकपाका सुरेन्द्रराज गोसाई (२९ हजार ७०४ मत)ले कांग्रेसका पवन भुजु (३ हजार १६१ मत)लाई, भक्तपुर-२ (ख) बाट एकीकृत समाजवादीका राजेन्द्रमान श्रेष्ठ (८ हजार ३४० मत)ले एमालेका चन्दनकृष्ण श्रेष्ठ (८ हजार ३१ मत)लाई, रसुवा-१ (क) बाट कांग्रेसका प्रभात तामाङ (८ हजार १८६ मत)ले एमालेका कुलप्रसाद भट्ट (४ हजार ७७२ मत)लाई, नुवाकोट-१ (क) बाट माओवादी केन्द्रकी राधिका तामाङ (१६ हजार १६९ मत)ले एमालेका सुशील कुमार खड्का (११ हजार ३५० मत)लाई, मकवानपुर-१ (क) बाट माओवादी केन्द्रका प्रेमबहादुर पुलामी (१९ हजार ७५७ मत)ले एमालेका कमलबहादुर विष्ट (५ हजार ४३३ मत)लाई, मकवानपुर-२ (क)बाट माओवादी केन्द्रकी कुमारी मोक्तान (१९ हजार ८७३ मत)ले एमालेका विष्णुप्रसाद ढकाल (१९ हजार ५५१ मत)लाई, मकवानपुर-२ (ख) बाट कांग्रेसका इन्द्रबहादुर बानियाँ (१८ हजार ७१७ मत)ले एमालेका लालबहादुर थापा (१६ हजार ९३५ मत)लाई धादिङ-१ (ख) बाट माओवादी केन्द्रका शालिकराम जम्कट्टेल (१९ हजार ९०३ मत)ले एमालेका गजेन्द्रप्रसाद थपलिया (१२ हजार ४७८ मत)लाई, सिन्धुपाल्चोक-२ (क) माओवादी केन्द्रका युवराज दुलाल शरद (२० हजार ९०६ मत)ले एमालेका अमानसिं तामाङ (१२ हजार १३९ मत)लाई, काभ्रे-१ (क) बाट माओवादी केन्द्रका रत्नप्रसाद ढकाल (२० हजार ७२० मत)ले एमालेका दिलबहादुर तामाङ (११ हजार २७८ मत)लाई र काभ्रे-२ (क) बाट एकीकृत समाजवादीका लक्ष्मण लम्साल (१९ हजार ४०८ मत)ले एमालेका कुमारप्रसाद खकुरेल (१९ हजार २२० मत)लाई पराजित गर्दै पुन: निर्वाचित भएका हुन् ।

बागमती प्रदेशसभाको पहिलो कार्यकालको सभामुख सानुकुमार श्रेष्ठ भने पराजित भएका छन् । उनी राप्रपाका उम्मेदवार सँग काठमाडौं-२ ख मा पराजित भएका हुन् ।

तरकारीमा आत्मनिर्भर बन्दै गढी

गोलभेँडा बेचेर ३ करोड आम्दानी

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/कृषि उत्पादनमा मकवानपुर जिल्लाकै पकेट क्षेत्रको रुपमा रहेको मकवानपुर गढी गाउँपालिकाका किसानहरुले पछिल्लो तरकारी खेतीबाट मनग्य आम्दानी गर्न थालेका छन् ।

तरकारी उत्पादनमा जिल्लालाई नै आत्मनिर्भर बनाउने लयमा हिडिरहेको गाउँपालिकाका किसानहरुले ६ महिनामा ३ करोड रुपैयाँको गोलभेँडा बिक्री गरेका हुन् । अहिले दैनिकरुपमा गढीमा उत्पादन भएको गोलभेँडा हेटौंडा बजारमा बिक्रीका लागि आउने गरेको छ । पशुपालनमा अगाडि रहेको गाउँपालिका अहिले व्यावसायिक तरकारी खेती तर्फ पनि अगाडि रहेको छ ।

गाउँपालिकाको अनुसार गत असार महिनादेखि मंसिरसम्म गोलभेँडा खेतीबाट किसानले ३ करोड रुपैयाँ आम्दानी गरेका छन् । गाउँपालिकाका कृषि अधिकृत चन्द्रकान्त चौधरीले गाउँपालिकामा सय जना किसानहरुले एकसय हेक्टर क्षेत्रफलमा गोलभेँडा खेती गरेको जानकारी दिए । गाउँपालिकाले तरकारी खेती विस्तारका लागि अनुदान कार्यक्रमसमेत सञ्चालन गर्दै आएको उनको भनाई छ ।

मकवानपुरगढी गाउँपालिकाले कृषिलाई प्राथमिकता दिई कृषिबाट किसानलाई आत्मनिर्भर बनाउन टनेल कृषि कार्यक्रमसमेत सञ्चालन गरेको जनाइएको छ । अव्यवस्थित चुरे र पहाडी विशेषता बोकेको गाउँपालिकामा भौगोलिक बनावटको आधारमा कृषि कार्यक्रम सञ्चालन गरिरहेको चौधरीले बताए ।

गाउँपालिकामा ४ सय ५० हेक्टर क्षेत्रफलमा हुने तरकारी खेतीबाट वार्षिक ६ हजार ५ सय मेट्रिकटन तरकारी उत्पादन हुने गरेको गाउँपालिकाले जनाएको छ । मकवानपुरगढी गाउँपालिका वडा नम्बर १ मा २० जना किसानले २७ वटा, २ मा २० जना किसानले १ हजार ९ सय वर्गमिटर क्षेत्रफलमा १ सय १९ वटा, वडा नम्बर ३ मा १७ जना किसानले ६० वटा र वडा नम्बर ४ मा २३ जना किसानले ३५ वटा, वडा नम्बर ५ मा २८ जना किसानले ३१ वटा टनेल निर्माण गरी खेती गरिरहेका छन् ।

यस्तै, वडा नम्बर ६ मा २१ जना किसानले १ सय ५ वटा, वडा नम्बर ७ मा ६६ जना किसानले एक सय वटा र वडा नम्बर ८ मा ८२ जना किसानले गरी जम्मा ३ सय ५३ वटा टनेल निर्माण गरी तरकारी खेती गरिरहेको गाउँपालिका कार्यालयले जनाएको छ । किसानहरुले हाल दैनिक ३ देखि ५ लाख रुपैयाँसम्मको गोलभेँडा बिक्रीका लागि हेटौंडा बजार ल्याउने गरेका छन् ।

मकवानपुरगढी गाउँपालिकामा उत्पादित गोलभेँडा हेटौंडा बजारबाट छिमेकी जिल्लाहरुमा समेत पठाइने गरिएको छ । गाउँपालिकाले टनेल निर्माणका लागि किसानलाई नि:शुल्क प्लाष्टिक, तलिम र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराएको कृषि अधिकृत चौधरीले बताए । तरकारी खेती विस्तारका लागि गाउँपालिकाले यो वर्ष पनि ५ लाख रुपैयाँ छुट्याएको उनको भनाई छ ।

भुल सुधार

यही मिति २०७९ मंसिर १५ गते र १६ गते प्रकाशित यस साझाकुरा राष्ट्रिय दैनिक पत्रिकाको अंक १०९ र ११० हुनु पर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।



व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

चीनले बनायो संसारकै ठूलो सौर्य टेलिस्कोप, अन्तरिक्ष विज्ञानमा कोसेढुंगा

अन्तरिक्ष विज्ञानको खोज अनुसन्धानमा अमेरिकालाई पछि पार्ने कोसिसमा लागिरहेको चीनले संसारको सबैभन्दा ठूलो सौर्य टेलिस्कोप सेट तयार पारेको छ ।

उक्त टेलिस्कोप ३.१४ किलोमिटर को एउटा गोलाकार क्षेत्रमा राखिएको छ । यो टेलिस्कोप सेट तयार पार्नका लागि ३१३ वटा डिसको प्रयोग गरिएको छ ।

यो सौर्य टेलिस्कोपबाट सूर्यको सूक्ष्म ढंगले अध्ययन गर्न सकिने र सूर्यको व्यवहारमा आउने परिवर्तनले पृथ्वीमा कस्तो असर पर्न सक्दछ भन्ने बारेमा बुझ्न सकिने बताइएको छ ।

उक्त टेलिस्कोपको नाम द दाओचेंग सोलार रेडियो टेलिस्कोप हो । चीनको दक्षिण पश्चिमी सिचुआन प्रान्तमा बनेको उक्त टेलिस्कोपमा प्रयोग गरिएका ३१३ वटा डिसमा हरेक डिस्क १९.७ फुट चौडा छन् । यिनी डिसको सेटअपले यो टेलिस्कोप गोलाकार रुपमा तयार गरिएको छ र ३.१४ किलोमिटरको परिधिमा फैलिएको छ ।

यो चिनियाँ टेलिस्कोपले सौर्य आँधी तथा कोरोनल मास इजेक्सनका गतिविधिहरुमा निगरानी गर्नेछ । सूर्यमा हुने यस्ता गतिविधिहरुले पृथ्वीमा विद्युतीय असर पार्दछ र कहिलेकाहीं त्यसको असर निकै भयानक पनि हुने गर्दछ ।

कोरोनल मास इजेक्सन वा सि

एम इ सूर्यको सतहबाट निस्किने सबैभन्दा भयानक विस्फोटहरु मध्ये एक हो । यसमा अन्तरिक्षमा दशौं लाख माइल प्रतिघण्टाको गतिमा एक अर्ब टन सम्मका पदार्थ बाहिर निस्किन्छन् ।

ती पदार्थहरु यदि पृथ्वीतर्फ आइपुगे भने त्यसले विद्युत प्रसारण लाइन, टेलिकम्युनिकेसनका साथै अन्तरिक्षमा रहेका स्याटेलाइट तथा अन्तरिक्षयात्रीहरु समेत खतरामा पर्दछन् ।

चीनले हालै आफ्नो अन्तरिक्ष स्टेशनमा चालक दलका नयाँ सदस्यलाई पठाएको छ । उक्त सोलार टेलिस्कोप बनाउनेमध्येका एक चिनियाँ वैज्ञानिक वू लिनका अनुसार कुनै पनि सौर्य आँधी पृथ्वीमा आउन सक्दछ कि सक्दैन भन्ने कुरा अब बताउन सकिनेछ । साथै पृथ्वीमा आउन सक्ने सौर्यआँधीका बारेमा पहिले नै चेतावनी जारी गर्न सकिनेछ ।

यसप्रकार यो सौर्य टेलिस्कोपले अन्तरिक्षको अवस्थाको भविष्यवाणी गर्न पनि सहयोग गर्ने उनको भनाइ छ । चीनको यो विशाल टेलिस्कोप सन् २०२३ को जून महिनादेखि पूर्णरुपमा सञ्चालनमा आउनेछ ।

स्वास्थ्य/जीवनशैली

दाम्पत्य सुख र यौनको समीकरण



पछिल्ला केही घटनाक्रमलाई नियाल्ने हो भने धेरै दम्पतीबीचको कलह सतहमा छताछुल्ल भएका छन् । श्रीमान-श्रीमतीले एकर्कालाई धोका दिने, सम्बन्ध विच्छेद गर्ने, विवाहेत्तर सम्बन्धमा रहने जस्ता क्रियाकलप बढ्दो छ । बालबच्चालाई बिल्लीबाट पारेर उनीहरुको दाम्पत्य जीवन कलहको आँधीबेहरीमा परेको छ । यसमा अहिले सामाजिक सञ्जाल, युट्युब जस्ता माध्यामहरुले आगोमा घिउ थप्ने काम गरिरहेका छन् ।

मुलुकमा गरिखाने मेलो नभएपछि धुप्रै युवा विदेशिएका छन् । कलिला बालबच्चा, मायालु श्रीमती, पाको आमाबुवा छाडेर उनीहरु विदेशमा रगत र पसिना चुहाइरहेका छन् । दुःखजिलो गरेर पूर्खौली ऋण तिर्ने, छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिने, पाको आमाबुवाको औषधि-उपचार गरिदिने, घरको दुनो सोझ्याउने अभिलाषासँगै परदेशिएका युवाहरुको सपना भने सोचेजस्तै फलिफापयुक्त छैन ।

श्रीमान र श्रीमती भौतिक रुपमा टाढिएसँगै उनीहरुमा अविश्वास, भ्रम, शंकाले ठाउँ पाएको छ । यसरी उनीहरुबीच मतभेद सुरु भएको छ । अर्कोतर्फ श्रीमान वा श्रीमती दोस्रो व्यक्तिसँग नजिकिने प्रवृत्ति व्यापक छ । विदेशिएका कति श्रीमानले उतै अर्कोसँग सम्बन्ध बनाएर आफ्नो घर-परिवारलाई बेवास्ता गरेका छन् भने, कति श्रीमतीले दोस्रो पुरुषलाई आफ्नो मनपेट दिएर हुँदाछँदाको घर बार बिथोलेका छन् ।

यस किसिमको घटनाले धेरैको पारिवारिक संरचना ध्वस्त भएको छ । छोराछोरीको बिजोग भएको छ, घर-व्यवहार लथालिंग भएको छ ।

वैदेशिक रोजगारी एउटा पाटो भयो । अर्कोतर्फ स्वदेशमै एकसाथ बसिरहेका कतिपय दम्पतीबीच पनि प्रेमिल सम्बन्ध छैन । विवाहेत्तर सम्बन्धले उनीहरुको घरबार टूट्दैछ । अग्नीलाई साक्षी राखेर सात जुनीसम्म नछुट्ने वाचा गर्दै लगनगाँठो कसेकाहरु विवाहको केही वर्षमै अलग-अलग भएका छन् ।

जीवनभर एकअर्कालाई साथ दिने भन्दै जोडिएका सम्बन्धहरु किन यति कमजोर र कमसल हुँदैछ ? किन दाम्पत्य जीवन धरापमा पर्दैछ ? यसमा अनेकन कारण हुनसक्छन् । व्यक्तिगत प्रवृत्ति, पारिवारिक स्थिती, सामाजिक व्यवहार, आर्थिक अवस्था । त्यसबाहेक एउटा मूख्य कारण मानिएको छ, उनीहरुको यौन जीवननलाई । दम्पतीबीच आशंका, अविश्वास पैदा हुनुमा यौनको मूख्य भूमिका रहेको मनोविदहरु बताउँछन् ।

अतृप्त यौनले नै दम्पतीबीचको सौहार्द्धपूर्ण सम्बन्धमा भाँजो हालेको उनीहरुको ठम्याई छ । मनोविदहरु भन्छन्, 'दाम्पत्य सुखको कुञ्जी हो यौन । जब उनीहरुको यौन जीवन अपूर्ण हुन्छ, आपसी मतभेद बढ्न थाल्छ ।'

यौनमा बढी लिप्त हुने वा आफ्नो यौन जीवनबाट सन्तुष्ट नहुनेहर दोस्रो सम्बन्ध बनाउन हतारिन्छन् । उनीहरु आफ्ना श्रीमान वा श्रीमतीलाई थाहै नदिई दोस्रो व्यक्तिसँग शारीरिक सुखभोग लिन थाल्छन् । यो क्रम जति-जति बढ्दै जान्छ, दाम्पत्य जीवनमा आशंका र अविश्वासले जरा गाड्दै जान्छ । अन्ततः उनीहरुको पारिवारिक जीवनको लय टुट्छ । एकअर्काको साथ, भरोसा, प्रेम फिका हुँदै जान्छ । र, दाम्पत्य जीवन नै तहसनहस हुन्छ ।

बेस्ट सेलर उपन्यास 'हाउ टु गेट द मोस्ट आउट अफ सेक्स'का लेखक डेविड रुबेनको भनाई यहाँ सान्दर्भिक हुन्छ । उनी भन्छन्, 'यदी यौन सही छ भने, सबैकुरा ठिकठाक हुन्छ । यदी सेक्स सही छैन केही पनि सही हुँदैन । यही कारण हो कि, सही-गलतको समीकरण धेरैको जीवनमा हावी भइरहेको छ ।'

मनोविज्ञहरुका अनुसार दाम्पत्य सुखमा यौनको अहंम् भूमिका हुन्छ । क्षणिक सन्तुष्टको माध्यम मात्र होइन यौन । न, सन्तान जन्माउने शारीरिक क्रिया मात्र हो । यसले दम्पतीको शारीरिक तथा भावनात्मक ति आवश्यक्ताहरु पुरा गर्छन्, जो जैविक जीवनका लागि अपरिहार्य मानिन्छ ।

जुन श्रीमान र श्रीमती आपसी यौनमा उदार छन् र त्यसबाट पूर्णत सन्तुष्ट प्राप्त गर्छन्, उनीहरुको मनमा शंका, उपशंका, गुनासो केहीपनि रहँदैन । एकअर्कामा पूर्ण रुपले समर्पित हुन्छन् । यौनले उनीहरुलाई शारीरिक रुपले मात्र जोड्दैन, भावनात्मक रुपले पनि एकाकार गराउँछ ।

केही अध्ययनहरुले यो पुष्टि गरि सकेको छ कि, कक्रिय यौन जीवनमा रमाउने दम्पतिलाई यौनजन्य र अरु धुपै किसिमको र ंगले गाँज्न सक्दैन । उनीहरुमा प्रतिरक्षा क्षमता बलियो हुन्छ ।

अर्को कुरा चाहि, सामाजिक संजाल तथा स्मार्टफोनले पनि अहिले दम्पतीको शयनकक्षा चिसो बनाइरहेको छ । श्रीमान र श्रीमती एउटै ओछ्यानमा सुतेपनि उनीहरु सामाजिक सञ्जालमार्फत आ-आफ्नो दुनियाँमा भुलिरहेका हुन्छन् । यसरी भर्चुअल दुनियामा आ-आफ्नै ढंगले रमाइरहेका दम्पतीबीच अन्तर्संवादको वातावरण त हुँदैन नै, यौन क्रियाको दर पनि पातलिदै गएको छ ।

अहिले यौन सम्पर्क शहरीकरणको ठूलो समस्या बन्दैछ । दोहोरो आयस्रोत, आलीशान जीवनशैली, उच्च पारिश्रमिकयुक्त आगिर जस्ता कारणले पनि यौन जीवनमा भाँजो हाल्दैछ । उच्च आय भएका दम्पती अक्सर शयन कक्षामा भन्दा कार्यथलोमा समय बिताउन थालेका छन् । दिनभरको कार्यव्यस्तताले थाकेको ज्यान लिएर राती घर पुग्छन् । घरमा पुगेपछि एकछिन टेलिभिजन वा फेसबुकमा रमाउने प्रवृत्तिले पनि दम्पतीबीच रसरंगको वातावरण बिथोलिदैछ ।

मनोविदहरु भन्ने गर्छन्, 'कक्रिय र नियमित यौनले दाम्पत्य सम्बन्धलाई सुमधुर एवं मिठासपूर्ण बनाउँछ ।' त्यसैले नियमित तालिका अनुसार दम्पतीले यौन क्रियामा सहभागी हुनुपर्नेमा उनीहरुको जोड छ । यद्यपि यौन सम्पर्कका लागि रुटिन बनाएर मात्र पुग्दैन, दुबै पार्टनर त्यसका लागि मानसिक तथा शारीरिक रुपमा तयार हुनुपर्छ । सुखमय यौन जीवनले दाम्पत्य सम्बन्धलाई मधुर र बलियो राख्ने मनोविदहरुको भनाई छ ।

साहित्य

सुनौलो दही

✍ विमर्श श्रेष्ठ

कक्षा : ८, नवोदय शिशु सदन

धेरै अगाडिको कुरा हो । एक सुन्दरी नामले चिनिने एक गाउँ थियो । त्यस गाउँका मानिसहरु साढै धनी थिए । ती धनीहरु बिच एक एक गरिब परिवार बस्थो । त्यस परिवारलाई गाउँमा खत्री परिवारको नामले चिनिन्थ्यो । त्यस परिवारमा एक किसान तथा त्यस किसानको श्रीमती थिए । उनीहरुको कुनै बच्चाहरु थिएन् । किसानको नाम भने रमेश खत्री थियो भने श्रीमतीको नाम मोहनी खत्री । दुवै जना मिली एक खुसी र सुखी परिवार भएर बसेका थिए । किसान इमानदार तथा परिश्रमी थियो भने किसानकी श्रीमती अलि लोभी स्वभावकी थिई ।

रमेश दिनदिनै खेतमा गई कठिन परिश्रम गर्थ्यो । मोहनी भने घरमा पैसा कमाउने चोर तरिकाहरुको बारेमा सोच्दै बस्थी । रमेश खेतमा काम गरिरहेको बेला उसकी श्रीमती उसलाई खाना ल्याई खाना खुवाउन आउँथी । एकदिन रमेश सुन्दरी गाउँमा गाईको दुध बेचेर गाई चराउन पहाड गएको थियो । गाईहरु चरिरहेको बेला रमेश एक ढुङ्गामा पन्टेर गाईहरुलाई हेरिरहेको थियो । गाईहरुको बथानमा एक थप अर्को गाई देख्दा ऊ अलमल भयो । अरु कसैको हो कि भनेर दायाँ बायाँ हेर्छ तर कोही पनि देख्दैन । अन्तमा उसले त्यस गाईलाई घर लान्छ ।

रमेशले भेटेको गाईको कान भने अरु गाईहरु भन्दा सुनौलो थियो । मोहनीलाई नयाँ गाई भेटेको सूचना दिँदा ऊ साढै खुसी भएको थिई । अब अफ एउटा गाई त्यसको मतलब बढी दुध, बढी पैसा ।' मोहनीले भनी । मोहनीले त्यही नै बेला गाईको दूध निकालेर एक बाल्टिन दोई ।

भोलिपल्ट असार १५ रहेछ । असार १५ को दिन दही चिउरा खाने दिन मोहनीले नयाँ गाईबाट दुहेको दुधबाट दही बनाउँछिन् । दूधलाई दही बनाउँदा दही बन्ला भनेको त दही त सुन बन्छ ।

ए ! आमा । सुन !! भनेर मोहनी चित्याउँछे । रमेश र मोहनी सुन देखेर चकित हुन्छन् । यो भगवान्ले हाम्रो कँठिनाइमा दिएको वरदान नै हो रमेशले भन्छ ।

दहीबाट सुन निकलोको देखर खत्री परिवार त धनी हुँदै जान्छ । खत्री परिवारको धन र सम्पत्ति बढेको बढै हुन्छ । धन सम्पत्तिको साथै मोहनीको लोभ पनि बढ्दै जान्छ । दही मात्रैले यति छ भने अब मासु काट्यो भने त झन धनी होला भनेर मोहनीले भन्छे । रमेशले हुँदैन त्यसो गर्न भन्दा मोहनीले गार्इलाई काट्छे । गाईको मासुमा केही पनि हुँदैन । खत्री परिवारको धन फेरि एक कथा जस्तै हुँदै गयो ।

गजल

✍ काशीनाथ मिश्रित

गोरो मुहार पछ्यौरीले धुन्छिन् मेरी माया
मिठो बोली मुटुभित्र छुन्छिन् मेरी माया

तिमीलाई मैले प्रेम गर्छु भन्न खोज्दा
सर्माएर रातीपिरी हुन्छिन् मेरी माया

कहिलेकाहीं ख्यालख्यालैमा जिस्क्याउँछु मैले
ठट्टालाई मुस्कानले धुन्छिन् मेरी माया

इन्द्रजाल जस्तो हैन चखेवाको प्रिति
वशमा पार्न जाले रुमाल बुन्छिन् मेरी माया

प्रेमालाप गरी मैले आलिङ्गन गर्दा
धड्कनको उच्च राग सुन्छिन् मेरी माया

उनको दिलभित्र पसी म हराउन खोज्छु
टप्प टिपी फूलमाला उन्छिन् मेरी माया

विदेश जानु पर्ने भयो बाध्यताले गर्दा
अश्रुधारा बगाएर रुन्छिन् मेरी माया

कथा

म आशिर्वाद र ऊ

✍ विश्वराज अधिकारी

सद्भावलाई मैले अचानक भेटेको थिन । त्यो भेट नियोजित किसिमले भएको थियो । तर यसलाई एक किसिमले अनियोजित पनि भन्न सकिन्छ किनभने सद्भावले ज्यादै र हर गरेको र मलाई आउन बाध्य पारेको हुनाले काठमाडौं स्थित नया सडकको त्यो रेष्टुरेन्टमा म पुगेकी थिए, त्यस दिन । मनोवैज्ञानिक दबाबमा परेर । तानिएर । यो मनोवैज्ञानिक दवाब पनि अचम्मको हुँदो रहेछ !

सद्भावसँगको सम्बन्ध पनि अचम्म किसिमको थियो । हामी प्लस टु पढ्दा सद्भाव र म बीच प्रेम हुन पुगेको थियो । बी बि यस सम्म हामीले सँगै पढेका थियौ । बि बि यस पास गर्दासम्म भने हामी बीचको प्रेम गहिरिएर बिहे गर्ने स्थितिमा पुगिसकेका थियौ । हामी दुबैलाई यो राम्रो गरी थाहा थियो, हाम्रो बिहेको लागि हाम्रो परिवार बाधक बन्दैन भन्ने । म र सद्भाव बीचको सम्बन्धको केही अर्थ छ भन्ने केही अनुमान मेरो आमा बालाई थियो पनि ।

तर ! तर अचानक सद्भाव हराए । काठमाडौबाट नै बेपत्ता भए । नेपालबाट नै बेपत्ता भए झैं लाग्यो मलाई किनभने उनको इमेल पनि आएन । फेसबुकमा पनि देखा परेनन । गएको दस वर्षमा । अचम्मसँग हराए उनी । मैले गुगलमा र फेसबुकमा धेरै खोजेको थिएँ, सद्भाव अधिकारी लेखेर, तर कतै भेटिन ।

दस वर्षपछि काठमाडौमा देखा परेका थिए, सद्भाव । धार्मिक सिनेमामा कुनै भगवान देवलोकबाट अचानक पृथ्वीमा प्रकट भए झैं गरेर । अचम्म किसिमले । झमाडोलमा रहेको मेरो बसाइ थाहा पाएर, मेरो घरमा नै भेट्न आइ पुगेक थिए काठमाडौमा उनको अवतरण भएको पर्सीपल्ट ।

तर दस वर्षपछि सद्भाव प्रकट हुँदा परिस्थिति सच्याउन नसकिने गरि बदलिसकेको थियो । मेरो बिहे आशिर्वादसँग भइसको थियो । मेरो छोरा निरव आठ वर्षको भइसेको थियो ।

आशिर्वाद मेरो जीवनमा भगवान्को आशिर्वाद नै बनेर आएका थिए । त्यस्तो पति पाउनु एक महिलाको लागि यो पुरुष प्रधान समाजमा भगवान्को आशिर्वाद भन्दा कम थिएन । भान्साको कामदेखि, घरको कामसम्म अनि अफिसको कामसम्मामा पनि मेरो लागि आशिर्वादको सहयोग हुन्थ्यो । मैले अफिसमा भ्याउन नसेका कामहरू घरमा ल्याएर गर्दा त्यस्ता कामहरू सक्याउन समेत पनि आशिर्वादले मलाई सहयोग गर्थ्ये । बाहिर जान, सपिंग गर्न र साथीहरूसँग समय बिताउन मेरो लागि आशिर्वादले कुनै किसिमको घोषित अघोषित बन्देज खडा गरेका थिएनन् ।

आशिर्वादसँग बिहे भएदेखि म माइती जाने क्रम पनि एकदम पातलो भएको थियो किनभने मलाई एकदिन पनि छोड्न चाहन्थेनन् उनी । सद्भाव काठमाडौं प्रकट भएपछि भने मेरो स्थिति कुनै बाढीमा फंसेको डुंगा जस्तो हुन पुगेको थियो । काठमाडौमा उनको आगमन जोडदार आँधि जस्तो आएको थियो र त्यो आँधिले मेरो पूर्ण मनोविज्ञानलाई हल्लाएर रूख झैं जमिनमाथि लडाइ दिएको थियो । म नराम्रो गरी सद्भावतिर तानिएको थिएँ ।

म नया सडकको त्यो रेष्टुरेन्ट पुगेको दिन मैले हाँदै भनेकी थिएँ, 'सद्भाव, मेरो बिहे भइसकेको छ । त्येति मात्र होइन, एउटा छोरा पनि छ । हाम्रो यस्तो सम्बन्धलाई कहिलेसम्म र कसरी कायम राख्ने, म दोधारमा छु ।' यति भनेर मैले पर्समा रहेको मेरो छोराको तस्वीर सद्भावलाई देखाएको थिएँ, पनि ।

सद्भावले एउटाहातले मेरो हात समाएै र अर्को हातले मेरो छोराको तस्वीर तिर देखाउँदै भनेका थिए, 'तिम्रो छोराको अनुहार ठाक्यै तिमी जस्तो छ । एक रत्ति पनि फरक छैन । यदि मसँग तिम्रो बिहे भएको भए, हामी दुईबाट भएको सन्तान पनि यस्तै हुन्थ्यौ ।' यति भनेर सद्भाव खुब हाँसेका थिए । म पनि निकै बेर हाँसेको थिएँ ।

नयाँ सडकको त्यो रेष्टुरेन्टमा भएको त्यो भेट पहिलो भेट भने थिएन । सद्भाव नर्वेबाट आएको एक वर्ष भित्रमा पच्चिसौं पटक त्यो रेष्टुरेन्टमा भेट भएको थियो । उनले मलाई भेट्ने र आफ्नो राम कहानी सुनाउने एउटा नियमित र भरपर्दो थलो बनाएका थियो त्यो रेष्टुरेन्टलाई । उनले आफू दस वर्ष कसरी र कहाँ बेपत्ता भए त्यस बारे पनि सुनाएका थिए । सद्भाव दस वर्ष हरानुनुको कारण उनी नर्वे पुग्नु र त्यहाँ लामो समयसम्म बस्नु थियो । नर्वे पुगेर उनले आफूलाई माओवादी पीडित बताउँदै शरणार्थीको दर्जा पाएका रहेछन र त्यहाँको नागरिकता पनि लिएका रहेछन् । मसँग बिहे गरेर मलाई नर्वे लग्ने उनको योजना रहेछ । तर यता भने गंगा उल्टो बगिसेको थियो । मेरो बिहे आशिर्वादसँग भइसेको थियो ।

आशिर्वादले सद्भाव र मलाई त्यो रेष्टुरेन्टमा धेरै पटक देखिसकेका थिए । सद्भाबले त्यो रेष्टुरेन्टमा आउन मलाई बाध्य पारेको दिन पनि हामी दुबैलाई त्यो रेष्टुरेन्टमा उनले देखेका थिए । त्यसदिन त सद्भावले मलाई अङ्गालो मारेको अवस्थामा देखेका थिए । अरुबेलमा मलाई हेरेर मुसुक्क हाँस्ने आशिर्वादले मलाई त्यो अवस्थामा हेर्दा, सद्भावको अङ्गालोमा बेरिएको अवस्थामा हेर्दा, मुख रातो पारेर अर्कोदिशमा हेरेका थिए ।

हो, जुन दिन त्यस रेष्टुरेन्टमा आउन सद्भावले मलाई बाध्य पारेका थिए अनि आशिर्वादले मलाई त्यो रेष्टुरेन्टमा सद्भावसँग जुन अवस्थामा देखेका थिए त्यस दिन राति घर पुग्दा अलि अबेर भइसकेको थियो । तर आशिर्वाद पनि आएका थिएनन् । म पुगेको एकैछिन पछि भने आशिर्वाद आएका थिए । म भने निकै डराएकी थिएँ । आशिर्वादले मलाई गाली गर्ने हुन कि भन्ने भयले म आक्रान्त थिए । तर त्यस्तो केही पनि भएन । आशिर्वादले मलाई केही पनि भनेन् । मैले बाहिरबाट नै खाना खाएर आएको छु भन्दै सरासर सुत्ने कोठातिर गए ।

सद्भावले मलाई त्यो रेष्टुरेन्टमा बोलाउने र म तान्निएर त्यहाँ जाने क्रम रोकिएन । महिनौंसम्म चलिनै रह्यो । चुम्बक फलामतिर आकर्षित भए झैं म सद्भावतिर आकर्षित हुन पुगेकी थिएँ । त्यो बलियो गुरुत्वाकर्षणले मलाई सद्भावको मुलपानीस्थित अपार्टमेन्टसम्म पुर्याएको थियो । एक पटक होइन, धेरै पटक पुगेको थिएँ । केही रातहरू पनि बिताउन म बाध्य हुन पुगेकी थिए, म सद्भावको गुरुत्वाकर्षणले तानिएर । सद्भावमा ठूलो गुरुत्वाकर्षण थियो । किन थियो, कसरी थियो.....

तर एक दिन अति नै अप्रत्यासित घटना हुन पुग्यो । आशिर्वादले कलेजबाट फोन गरेर भने, 'नन्दिता, आज अफिसबाट सरासर घर आउनु । केही गंभिर कुराहरू गर्नु पर्नेछ । म पनि कलेजबाट छिटै आउँछु । आज इभनिंगको क्लास म गर्दिन ।'

म हत्तारिदै अफिस छुट्नासाथ घर पुगेकी थिएँ । त्यस दिन चिफ नआएको हुनाले एकटिंग चिफ भएर मैल काम गर्नु पर्ने थियो । बैक बन्द गरेर, सेफको साँचो लिएर घर फर्किनु परेको थियो ।

म घर पुग्दा आशिर्वाद आइसकेका थिए ।

हामी दुबै जना लिभिंग रुममा बस्यौं । एक छिन सम्म कुनै कुरा भएन । मौनता कायम रह्यो । हामी दुई केवल लिभिंग रूममा भएका कुराहरूलाई नियाली रह्यौं ।

हामी बीच कायम रहेको मौनता तोड्दै आशिर्वादले भने, 'नन्दिता, म लामो भूमिका बनाएर भन्न चाहींदिन् । एकै पटक विषय वस्तुमा प्रवेश गर्छु ।' 'ल हुन्छ, भन । के भन्न चाहेको हो, प्रष्ट गरि भने हुन्छ ।' मैले भने ।

'नन्दिता, दुई पुरुषहरू मध्ये तिमीले या त मलाई या सद्भावलाई रोज्नु पर्यो । कुनै एकलाई छोडनु पर्यो । दुई ओटा डुँगामा खुट्टा राखेर जिन्दगीको यात्रा गर्न सकिंदैन । कुनै पनि बेला दुर्घटना हुन सक्छ । र त्यो दुर्घटनाले ठूलो विनाश ल्याउन सक्छ ।' आशिर्वादले भने ।

'मैले धेरै छुट दिएँ, धेरै बर्दास्त गरे । अब...अब भने गर्न सक्तिन ।' आशिर्वाद रोकिएनन ।

'तिमी मप्रति इमन्दार हुन सकिनौ, नन्दिता ।' 'म मात्र तिमी प्रति कति इमान्दार हुने ?' 'सहनशीलताको पनि एउटा सीमा हुन्छ । होइन र ?' 'मैले कति सम्म सहने ?'

आशिर्वादका कुराहरूले मलाई आँधीले रूख हल्लाएझैं हल्लाइ दिए ।

मैले गंभिर मुद्रामा प्रश्नहरू गरे, 'एक पत्नीको रुपमा मैले तीमीसँग के बेइमानी गरे ? ल भन, आशिर्वाद । पतिलाई दिने कुन माया दिन तिमीलाई मैले बाँकि राखे ? भन, आशिर्वाद । के तिमी केवल मेरो शरिरसँग माया गर्छौ ? र केवल शरीरको समर्पणलाई नै ठूलो माया ठान्छौ ? मेरो मनले गर्ने तिमीलाई सीमाहीन निस्वार्थ माया के माया होइन ? तिमी केवल मेरो शरीरलाई नै ठूलो माया गरेका रहेछौ भने के यस किसिमको माया तिमीले बजारमा किन्न सत्तैनौ ? ल भन । के तिमीले मेरो जस्तो भित्री मनको माया बजारमा किन्न सक्छौ ? ल भन ।'

आशिर्वाद चुप थिए ।

'किन चुपचाप बसेको, आशिर्वाद ?'

उनले शब्दहरू खोजिरहेका थिए, वा शब्दभण्डार रित्तिएको महसुस गर्दै थिए, मैले थाहा पाउन सकिन ।

केही समय हामी बीच मौनता कायम रह्यो ।

मैले भने, 'आशिर्वाद, तिमीले केवल मेरो शरीरलाई माया गरेको रहेछौ, मेरो पवित्र र इमान्दार फदयलाई होइन । होइन त ?'

म सोफामा नै थिएँ । आशिर्वाद सोफाबाट उठेर कोठा बाहिर निस्के । घर बाहिरको गेट खोलेर उनी सडकमा गएको आबाज सुनियो । केही छिन पछि फेरि उनले गराजबाट कार झिकेको आबाज पनि सुनियो । म पनि चुपचाप सोफमा नै बसिरहे । बाहिर कता जान थालेको भनी आशिर्वादलाई सोध्न म गइन । रातभरि आशिर्वादको फोनको प्रतीक्षा गरे । बिहान हुँदासम्ममा पनि उनको फोन आएन ।

(स्रोत: समकालीन साहित्य)

चलचित्र पत्रकारितामा अब्बल बिष्णु सुबेदी

चलचित्र साहित्यको उच्चतम् माध्यम हो । यसअर्थ अन्य पत्रकारिताको तुलनामा चलचित्र पत्रकारिता गर्नु आफैमा कलात्मक कर्म हो । एउटा कुशल चलचित्र पत्रकारले साहित्यका हरेक डायमन्सनहरूलाई बुझेको हुन्छ । यस्तै अब्बल एक चलचित्र पत्रकार हुनु बिष्णु सुबेदी ।

सुबेदी तथ्यमा टेकेर शब्दमा खेल्न सक्ने पत्रकार हुन् । शब्दका खानि सुबेदीसँग नेपाली चलचित्रको बिगत देखि वर्तामान सम्मको सबै तथ्य सुरक्षित छ । हरेक शब्दको अर्थ हुन्छ र हरेक अर्थमा तर्क हुन्छ भन्ने मान्यता राख्ने सुबेदी चलचित्र पत्रकारितामा बिगत डेढ दशक भन्दा लामो समयदेखि निरन्तर छन् । समाचार होस् वा आर्टिकल नै किन नहोस् सरल बनाउनुका साथै त्यसमा मिठास दिन शब्दमा खेल्न सुबेदी निकै अब्बल छन् । अझ पत्रकारिता तथ्य हुनै पर्छ भन्ने मान्यताले नेपाली चलचित्रको सिङ्गो इतिहासका तथ्यहरु उनैले खोजी गरेका छन् । बरिष्ठ चलचित्र लेखक तथा निर्देशक मोहन निरौला चलचित्र पत्रकारहरुमा सुबेदी अध्ययनशील पत्रकार भएको बताउँछन् । चलचित्र पत्रकारिता गर्दै चलचित्र लेखन र निर्देशनमा बिशिष्ठता हासिल गरेका निरौलाले जुन सुकै बिषयमाथी समाचार वा लेख लेख्नु अघि सुबेदीले तथ्यको संकलन गर्ने र त्यसलाई डबल भेरिफाइड गर्ने भएकोले पनि उनले लेख्ने समाचार सन्तुलित र यथार्थपरक हुने गरेको जनाए । सुबेदीबारेएक बाक्यमा निरौला भन्छन् - 'खोजमुलक, यथार्थपरक र सृजनशिल पत्रकारिता नै सुबेदीको बिशेषता हो ।'

त्यसो त चलचित्रको तथ्यहरुको गहन अध्ययन गरेर उनले स्थापना गरेको लेन्सनेपाल डटकम आज चलचित्रको बारेमा अध्ययन गर्न चाहनेहरुका लागि अध्ययनको केन्द्रका रुपमा स्थापित नै भएको छ । नेपालमा कति चलचित्र बने, कस्ता चलचित्र बने, चलचित्रका कुन कुन बिधामा कति व्यक्ति कार्यरत् छन्, चलचित्र सहित मानोरञ्जन क्षेत्रमा हुने राष्ट्रिय स्तरका अवार्ड तथा सम्मानहरु क-कसले कुन कुन बिधामा प्राप्त गरेका छन्, ति सबै सुबेदीले नै खोजी गरे । चलचित्र पत्रकारिता भित्र पनि खोज पत्रकारिता गर्न सकिन्छ भनेर पुष्टि नै गरिदिएका सुबेदीको त्यही खोज आज कयौं चलचित्र पत्रकारको समाचारको स्रोत बनेको छ । पत्रकार को मात्र होइन सरोकारवाला संघ संस्था र निकायहरु समेत उनैले खोज गरेको तथ्यमा भर पर्नुपर्ने अवस्था छ । बरिष्ठ चलचित्र पत्रकार बिजय रत्न तुलाधर सुबेदीले नै पहिलो चलचित्र र चलचित्र हलको वास्तविता खोजी गरि बिभिन्न पत्रपत्रिकामा लेख लेखेको बताउँछन् । ३ दशक भन्दा लामो समयदेखि चलचित्र पत्रकारिता गरिरहेका तुलाधर सुबेदीको खोजमुलक चलचित्र पत्रकारिताबाट अनुजले मात्र होइन अग्रजहरुले पनि धेरै कुरा अनुसरण गरेको जनाउँछन् ।

त्यसो अग्रज चलचित्र पत्रकाररहरु सुबेदीले गरिरहेको चलचित्र पत्रकारीता सचिचकै प्रसंसायोग्य भएको बताउँछन् । बरिष्ठ पत्रकार डब्बु क्षेत्री हरेक कोणबाट पत्रकारिताबुझेका कारण सुबेदीले चलचित्र पत्रकारितामा नयाँ आयाम थपेको जनाउँछन् । चलचित्र निर्माणको घोषणा, छायाँकन, पोष्टर, गीत संगीत, ट्रेलर, चलचित्र रिलिज जस्ता विषयमा हमल्लिएको अवस्थामा सुबेदीले चलचित्रका विषयमा बहस, अर्न्तवार्ता, फिचर, तथ्यगत विवरण जस्ता विषयलाई पत्रकारिताको माध्यमबाट समेट्ने गरेको क्षेत्रकीको बुझाई छ । यता अग्रज चलचित्र पत्रकार दयाराम पाण्डे सुबेदीको पत्रकारिता उदाहरणिय भएको जिकिरगर्छन । पाण्डे सुबेदीलाई नविनतम् सोचका धनी पत्रकार मान्छन् । आफू टिभी फिल्मीमा स्टेशन प्रमुख रहदा सुबेदीकै सोच अनुसार दैनिक रुपमा चलचित्रको समाचार प्रसारण शुरु गरेको उनको सम्झना छ । शुरुमा आफू पनि दैनिक रुपमा चलचित्र समाचार दिन सकिन्छ भन्नेमा पूर्ण रुपमा विश्वस्त नभए पनि सुबेदीले त्यसलाई साकार बनाइदिएको उनी बताउँछन् । टिभी फिल्मीको समाचार प्रमुख रहदा सुबेदीले खोजमुलक रिपोर्टहरु बनाउने देखि बहसमुलक रिपोर्टहरु तयार गरेर 'फिल्मी समाचार'लाई नयाँ उचाई दिए । पाण्डेका अनुसार फिल्मी समाचार यति लोकप्रिय भयोकी पछि अन्य टेलिभिजनहरुले पनि मनोरञ्जनाको समाचारका बुलेटिन नै तयार पारे । चुनौति भित्र अवसर खोज्ने र अवसरलाई उपयोग गर्ने सुबेदीलाई नै टेलिभिजनमा मनोरञ्जनको समाचार स्थापित गर्ने श्रेष्ठ जाने पाण्डेको भनाई छ । पाण्डेका अनुसार सुबेदी कुशल नेतृत्वकर्ता पनि हुन् । उनले समाचार कक्षको नेतृत्व गर्दा छोटो समयमा नै गहिरो प्रभाव छोडेका कारण आफू पछि उनैले टिभी फिल्मीको नेतृत्व सम्हालेको पाण्डेले जनाए ।

यता सहकालिन पत्रकारि तामा पनि सुबेदीको प्रभाव गहिरो छ । चलचित्र पत्रकार संघका उपाध्यक्ष समेत रहेका पत्रकार कुबेर डंगोल सुबेदी चलचित्र पत्रकारितालाई खुल्ला पाठशाला रहेको जनाउँछन् । सुबेदीले गुमिङ गरेका धेरै चलचित्र पत्रकाररहरु अहिले पनि बिभिन्न मिडियामा पोजिसन होल्ड गरेको बसेको भन्दै कुबेर सिक्न चाहनेहरुले उनीबाट धेरै कुरा सिक्न सक्ने बताउँछन् । एउटा अध्ययनशिल पत्रकार भएकोले पनि उनमा चलचित्र र पत्रकारिताको बहुआयामिक ज्ञान पाउँछिन् पत्रकार गीता अधिकारी ।अधिकारी सुबेदीलाई टेलिभिजन सँगै अनलाइन चलचित्र पत्रकारितामा पनि नयाँ शैली सेट गर्ने व्यक्तिका रुपमा चिन्दछिन् । उनी सुबेदीका बारेमा धेरैकुरा उनले गरेको कर्मले नै बोलिसकेको बताउँछिन् ।

पछिल्लो समयका चर्चित अनि अब्बल निर्देशक दिनेश राउतसुबेदीलाई ट्रेण्ड एनालाइज गर्न सक्ने पत्रकारका रुपमा चिन्दछन् । बिश्व चलचित्र बजारमा के भइरहेको छ, नेपाली चलचित्रको बजार कता ढल्कदै छ, दर्शकको टेस्ट कसरी फेरिदै छ, लगायतका विषयमा उनले लेख्ने सामग्रीहरु चलचित्र मेकरका लागि निकै सहयोगी सिद्ध हुने गरेको उनी बताउँछन् ।

यता नायक आर्यन सिग्देल सुबेदीलाई अब्बल दर्जाका चलचित्र पत्रकारका रुपमा चित्रण गर्छन् । दुई दशक लामो करियरमा आफुले धुपै पत्रकाररहरुसँग साक्षात्कार गरेको भन्दै सिग्देल सुबेदीको पत्रकारिता निकै ब्याल्केन्सिमा रहने गरेको बताउँछन् । आर्यन भन्छन् - 'पत्रकारितामा सत्य, तथ्य र निष्पक्ष भन्ने कुरा निकै आवश्यक रहेछ, त्यो मैले सुबेदीको पत्रकारितामा भेट्ने गरेको छु ।' सुबेदीले कुनै पनि बिषयमा रिपोर्टिङ गर्नु अघि त्यसको गहिरो अध्ययन गर्ने गरेको कारण उनले हरेक विषयमा समाचार तयार पार्दा गहन रुपमा प्रभाव छोड्ने गरेको उनको बुझाई छ ।

यस्तै नायिका तथा लेखिका सोविता सिम्खडा पत्रकार सुबेदीलाई मानवियताले भरिएको व्यक्तिका रुपमा चिन्दिछिन् । सोविता उनीसँगका हरेक साक्षात्कारमा होस् वा उनको कर्ममा आफुले मानवियता उच्च प्राथमिकतामा पाउने गरेको बताउँछिन् । लेखिकाको नजरबाट हेर्दा सोविता सुबेदीलाई कुनै पनि विषयमा गहिरो प्रभाव छोड्ने गरि लेख्न सक्ने पत्रकारका रुपमा चिन्दछिन् । कुनै पनि कुरामा आउटपुट दिन त्यत्तिकै इन्पुटको आवश्यकता रहन्छ भन्दै सोबिता, सुबेदी अध्ययनशिल हुनुका साथै तिक्ष्ण बिश्लेषण क्षमताको धनी भएकोले चलचित्र पत्रकारितामा उनको प्रभाव गहिरो रहेको बताउँछिन् ।

विश्वकप-२०२२

जापानको 'जायन्ट किलर' शैली

काठमाडौं/कतारमा भइरहेको फिफा विश्वकप २०२२ मा अप्रत्याशित र अनपेक्षित नतिजा आउने क्रम जारी छ । एसियाली राष्ट्र जापानले समूह चरणमा दुई पूर्व च्याम्पियनलाई स्तब्ध पार्दै यो विश्वकपमा 'जायन्ट किलर'को छवी बनायो ।

सायदै कसैले सोचेका थिए होला जर्मनी र स्पेन जस्ता टिम रहेको समूहबाट जापान समूह विजेता बन्छ भनेर । तर, समूह इ मा जापानले जर्मनी र स्पेनलाई पराजित गर्द ६ अंक जोडेर समूह विजेता बन्दै अन्तिम १६ मा प्रवेश गऱ्यो । स्पेन समूह उपविजेताको बन्दै अन्तिम १६ मा पुग्दा चार पटकको च्याम्पियन जर्मनी भने समूह चरणबाटे बाहिरियो ।

विश्वकपमा अनपेक्षित नतिजा आऊने क्रममा जापान आफै पनि यसको शिकार भयो । जापान दोस्रो खेलमा भने कोस्टारिकासँग पराजित भएको थियो । जापानले अब अन्तिम १६ मा समूह एफको उपविजेता तथा साविक उपविजेता क्रोएशियासँग खेल्नेछ ।

जापानले एक होइन दुई पूर्व विजेतालाई एकै विश्वकपमा स्तब्ध बनाउँदै एसियाली राष्ट्र पनि कमजोर नभएको प्रमाणित गरेको छ । ब्लु साभुराईको उपनामले चिनिने जापान यस विश्वकपको कमब्याक किंग समेत बन्यो । जापानले जर्मनी र स्पेन दुवै विरुद्ध जित निकाल्दा जापानले उत्कृष्ट पुनरागमन गरेको थियो । यस नतिजापछि जापानले अन्तिम १६ को प्रतिस्पर्धी क्रोएसियालाई समेत समेत गराएको छ ।

पहिलो खेलमा जर्मनी विरुद्ध एक गोलले पछि पर्द उत्कृष्ट पुनरागमन गर्दै २-१ को जित निकालेको जापान दोस्रो खेलमा कोस्टारिकासँग १-० ले पराजित भएपछि जापानको नतिजा असामान्य देखियो । तर पहिलो खेलमा उत्कृष्ट जित निकालेको जापानले समूहयुको अन्तिम खेलमा बिहीबार स्पेन विरुद्ध उस्तै किसिमको प्रदर्शन दोहोऱ्याये । जापानले एक गोलले पछि परको स्थिती उल्टाएर २०१० को च्याम्पियन स्पेनलाई पनि २-१ ले नै स्तब्ध पाऱ्यो ।

बराबरीले पनि स्पेन समूह विजेता बन्ने थियो भने अर्को खेलमा कोस्टारिकालाई हराएको जर्मनी शीर्ष दुईको दाबेदार थियो । तर जापानले खेल जितेपछि ६ अंक जोड्दै समूह इ को विजेता बन्यो भने स्पेन समान ४ अंक जोडेपनि जर्मनी गोल अन्तरमा पछि पऱ्यो ।

जापानले अन्तिम खेलमा स्पेनलाई स्तब्ध पार्दा जर्मनी अन्तिम खेल जितेर पनि बाहिरियो । जापानले विश्वकप इतिहासमा एकै संस्करणमा हाफ टाइमसम्म पछि परेर पनि पनारमगन गर्दै दुई खेल जित्ने तेस्रो टिम बन्यो । यसअघि ब्राजिलले १९३८ र पश्चिम जर्मनीले १९७० मा यस्तै उपलब्धी हासिल गरेका थिए ।

जापानी 'सुपर सब'को कमाल

जापानका वैकल्पिक खेलाडीहरूले जर्मनीविरुद्ध दुवै गोल गरेका थिए र उनीहरूले स्पेन विरुद्ध पनि महत्वपूर्ण भूमिका खेलेका थिए । मैदान प्रवेश गरे लगत्तै प्रभाव पारेका थिए ।

'जब यो गणना गरियो, तिनीहरूले प्रभावकारी परिवर्तनहरू गरे,' इंगण्याण्डका पूर्व गोलकिपर करेन बार्डस्लेले भने, 'उनीहरूले पाएको मौकाको फाइदा उठाए ।' तिनीहरूले पक्कै गरे । जर्मनी विरुद्ध रित्सु डियानले बेन्चबाट मैदान प्रवेश गरेको चौथो मिनेटमै बराबरी गोल फर्काएर थिए । स्पेन विरुद्ध उनले अझ चाँडै उक्त काम गरे । उनले मैदान छिरेको तेस्रो मिनेटमै बराबरी गोल फर्काए । रित्सु जापानको लागि सुपर सब बनेर उदाए ।

यस्तै दोस्रो हाफमा मैदान प्रवेश गरेका अर्का खेलाडी काइ मितोमाले पहिलो गोल गरेको १४२ सेकेण्डपछि आफ्नो उपस्थिति महसुस गराए जब उनले आओ ततनानाको गरेको गोलका लागि डियोनलाई बल उपलब्ध गराएका थिए । यस गोलमा धेरै विवाद समेत भयो । मितोमाले बल भेट्नुअघि नै बल बाहिर पुगिसकेको देखिएको थियो । तर भिडियो सहायक रेफ्री (भीएआर) ले उक्त निर्णयमा हस्तक्षेप गर्दै गोल भएको निर्णय गऱ्यो । यसले खेलमा नाटक थप्यो र धेरै बहस समेत उब्जायो ।

'आजकाल 'ठूलो फुटबलु को लागी यो ठूलो प्रविधि हो,' मोरियासुले पछि भने, 'यदि यो साँच्चै आउट भएको भए यो गोल किक हुन्थ्यो ।' भीएआरको निर्णयको घोषणा गर्दा स्पेनका समर्थकहरू कम प्रभावित भए, जब उनीहरूले स्टेडियम वरपरका ठूला स्क्रिनहरूमा अविश्वसनीय रूपमा हेरेको यो मात्र थिएन ।

कोस्टारिका-जर्मनी खेलमा प्रत्येक चोटि एक गोल हुँदा अपडेट गरिएको समूह तालिका चम्किएको थियो, र कहिलेकाही को अगाडि गइरहेको छ र को बाहिर गइरहेको छ भन्ने कुरा थाहा पाउन पनि गाह्रो थियो । जापानका फ्यानहरू त्यो नाटकबाट धेरै जोगिएको थिए । तर, स्पेनले गोल गरेको स्थितीमा भने भ्रुन् खतरामा पर्ने थियो । 'जापानलाई सबै श्रेय जान्छ । तिनीहरू एकदम उत्कृष्ट छन्,' बार्डस्लेले थपे ।

बार्डस्लेले जापानी टिम अनुशासित र संरचित र हेको र रणनीतिअनुसार उनीहरूले त्यसलाई राम्रोसँग कार्यान्वयन गर ेको बताए ।

उनीहरूले समूह चरणमा प्रयोग गरेको त्यो पद्धति र दृष्टिकोणले उनीहरूलाई नकआउट राउन्डमा पनि प्रयोग गर्ने देखेको छ । 'उनीहरु कोस्टारिकासँग हार्नु अनौठो थियो, यद्यपी जतिखेर आवश्यक थियो बलाई जाली भित्र पुऱ्याए,' बार्डस्लेले भने ।

अब के ? विश्वकपमा उत्कृष्ट स्थान ?

यो हजारौं जापानी फ्यानहरूको लागि सम्झनाको लागि एक विशेष रात थियो । तर, उनीहरू अझ साहसी कार्यहरूको सपना देख्न सक्छन् । जापान चौथो पटक विश्वकपको अन्तिम १६ मा पुगेको छ । उनीहरु कहिल्यै त्यसबाट अघि बढ्न सकेका छैनन् । प्रशिक्षक मोरियासु निश्चित छन् कि क्रोएसिया विरुद्ध सोमबार भेट हुँदा जापानले त्यो तथ्यलाई ब्रेक गर्नेछ ।

'हाम्रा सबै समर्थकहरू, जापानका जनतालाई उनीहरूको समर्थनको लागि ठूलो धन्यवाद,' उनले भनेका छन्, 'सबैलाई धन्यवाद, हामीले यो कठिन खेल पार गऱ्यौं । म खुसी छु कि मैले सबैलाई जित दिलाउन सफल भएको छु । हाम्रो अबको नयाँ लक्ष्य अन्तिम ८ हो ।'

'खेलाडीहरूलें हामीलाई विश्व मञ्चमा लड्न सक्षम हुने फरक र नयाँ दृष्टिकोण देखाउँदैछन् र हामी क्वाटरफाइनल वा अझ राम्रो स्थानमा पुग्दै नयाँ कीर्तिमान बनाउन चाहन्छौं,' प्रशिक्षक मोरियासुले थपे ।

क्वाटरफाइनल जापानको अहिलेको लक्ष्य हो । यदि उनीहरू क्रोएशियाविरुद्ध पछि परे भने पनि तपाईंहरुलाई थाहा छ यो टिम हार मान्नेमा पर्दैन ।

-एजेन्सी

पहिलो पटक विश्वकपको नकआउट चरणमा एसियाबाट तीन टिम

काठमाडौं/कतारमा भइरहेको फिफा विश्वकप २०२२ मा एसियाका तीन राष्ट्रले नकआउट चरणमा स्थान बनाएका छन् । पहिलो पटक कतारमा आयोजना भएको विश्वकपमा यस पटक एसियाबाट कीर्तिमानी ६ टिमले विश्वकपमा प्रतिस्पर्धा गरेको थियो ।

जसमा एकै संस्करणमा अहिलेसम्मकै तीन एसियन टिमले नकआउट चरणमा स्थान बनाएका हुन् । एसियाबाट अष्ट्रेलिया, जापान र दक्षिण कोरियाले अन्तिम १६ मा स्थान बनाएका हुन् । शुक्रबार दक्षिण कोरियाले पोर्चुगलमाथि २-१ को शानदार पुनरागमन जित निकाल्दै एसियाबाट अन्तिम १६ मा पुग्ने तेस्रो टिम बनेको हो ।

कोरिया समूह एचको उपविजेताको रुपमा अन्तिम १६ मा पुगेको हो । अष्ट्रेलिया समूह डी को उपविजेता तथा जापान समूह इ को विजेताको रुपमा अन्तिम १६ मा प्रवेश गरेको हो । आयोजक कतार, इरान र साउदी अरेबिया भने समूह चरणबाटै बाहिरिएका छन् ।

अन्तिम खेल जिते पनि उरुग्वे समूह चरणबाटै बाहिरियो

काठमाडौं/समूह चरणको अन्तिम खेलमा घानालाई २-० ले पराजित गरे पनि उरुग्वे कतारमा जारी फिफा विश्वकपको समूह चरणबाटै बाहिरिएको छ ।

समूह एफको अर्को खेलमा दक्षिण कोरियाले पोर्चुगललाई २-१ ले पराजित गरेपछि कोरिया र उरुग्वेको समान ४ अंक र गोल अन्तर पनि समान भएको थियो । तर, समूह चरणमा धेरै गोल गरेका कारण कोरिया भाग्यमानी बन्दै समूह को उपविजेता बनेर अन्तिम १६ मा प्रवेश गऱ्यो । उरुग्वे अभागी बन्दै समूह चरणबाट बाहिरियो ।

उरुग्वेका लागि जर्जियन डे अराकाएटले दुवै गोल गरे । उनले २६औं र ३२औं मिनेटमा गोल गरे । त्यसअघि घानाले पेनाल्टीको अवसर पाए पनि गोल गर्न सकेन । २१औं मिनेटमा घानाका आन्दे आयुले प्रहार गरेको पेनाल्टी उरुग्वेका सर्जिये रोचेटले बचाए । उरुग्वेसँग पराजित घाना ३ अंकसहित समूहको पुछारमा रहेर बाहिरियो ।

सन्तोष सेनविरुद्धको उजुरी निर्माता संघले गऱ्यो खारेज

काठमाडौं/फिल्म 'प्रेमगीत ३' का निर्माता सन्तोष सेनविरुद्ध सिक्किम निवासी रामगोपाल राईले दिएको ठगीको उजुरी चलचित्र निर्माता संघले खारेज गर्ने निर्णय गरेको छ । उजुरीको विषयमा संघले बोलाएको दुवै पक्षको छलफलमा निर्माता सेनले सम्झौता सन् २०२१ डिसेम्बरमै खारेज भइसकेको कागजपत्र पेस गरेपछि उजुरी खारेज गर्ने निर्णय संघले गरेको निर्माता संघका अध्यक्ष नवल खड्काले बताए ।

'हामीले दुवै पक्षलाई शुक्रबार दिउँसो छलफलमा बोलाएका थियौं' अध्यक्ष खड्काले भने, 'निर्माता सेन उपस्थित भए पनि निवेदक राई भने आएनन् । त्यसकारण पनि हामीले निवेदनलाई अघि नबढाउने निर्णय गरेको हो ।' 'राई वास्तविक रुपमै पीडित भए अदालत र प्रहरीकहाँ जान सक्नुहुन्छ, हामीले हेर्दा उहाँलाई पीडित पाएनौं' अध्यक्ष खड्काले थपे ।

निर्माता सेन विरुद्ध सिक्किम निवासी रामगोपाल राईले आफूहरूबीच भएको सम्झौता उल्लंघन गरेको भन्दै ४ करोड ८४ लाख रूपैयाँ 'लगानी रकम फिर्ता गराइपाउँ' भन्दै गत आइतबार निर्माता संघमा निवेदन उजुरी दिएका थिए । राईले डिजिटल अधिकार का लागि रकम लिएपनि राइट प्राप्त नगरेको उजुरी दिएका थिए ।

'गुञ्जन' गीतमा सारा र प्रितमको प्रेम

काठमाडौं/द्वन्द्व निर्देशनमा स्थापित अष्ट मर्जनको डेब्यू निर्देशित फिल्म 'गुञ्जन'को पहिलो रोमान्टिक गीत सार्वजनिक भएको छ ।

शुक्रवार युट्युबमा सार्वजनिक 'सास चल्छ' बोलको गीतमा प्रविसा अधिकारी र आरिफ रफको स्वर, करणराज कार्कीको संगीत र सन्तोष पोखरेलको शब्द छ । गीतको भिडियोमा सारा सिर्पाली र प्रितमराज सेन्चुरी एकअर्कालाई सम्झिँदै प्रेमिल भावमा देखिएका छन् ।

आगामी पुष २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा सरोज खनाल, हिउँवाला गौतम, कवीर खड्का, रोहन शाही, निरुता स्याङतान, कन्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, ऋचा शर्मा, अमेश न्यौपाने लगायतको पनि अभिनय छ । प्रितमराजले यसै फिल्मबाट अभिनयमा डेब्यू गरेका हुन् । यो फिल्मको केही समयअघि सेन्सर पास भइसकेको छ ।

हिराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाही निर्माता र हेको फिल्म एएच इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको हो । काठमाडौं, पोखरा, जोमसोममा र दुबईमा खिचिएको फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, राजेश श्रेष्ठको छायांकन, विपिन मल्लको सम्पादन, करणराजसँगै कल्याण सिंह र अर्जुन पोखरेलको संगीत छ । फिल्मको वितरण जीजीए ग्रुप र एफडी कम्पनीले गर्दैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: *www.sajhakuranews.com*
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।





सांसदको तयारीमा प्रदेशसभा भवन: बागमती प्रदेशसभाको नयाँ संसद् पनि तत्कालीन शिक्षा निर्देशनालयको भवनबाट नै सुरु हुने भएको छ । पुरानै भवनमा नयाँ संसदको सुरुवात हुनेभएपछि बागमती प्रदेशसभा सचिवालयले तयारी थालेको छ । प्रदेशसभाको पहिलो कार्यकाल सञ्चालन भएको शिक्षा निर्देशनालयको भवनलाई प्रदेशसभा सचिवालयले जिप्सन बोर्ड हाल्ने, रंग लगाउने, माइक्र लगाउने, भवन सफा गर्नेजस्ता कार्य गरिरहेको छ । नयाँ प्रदेशसभा सदस्यहरु र सभामुख तथा उपसामुखको स्वागतको लागि प्रदेशसभाको पुरानो भवनलाई नयाँ स्वरुप दिने सचिवालयको तयारी छ । प्रदेशसभामा आउने नयाँ सभामुख र उपसभामुखको कार्यकक्षलाई रंग्याउनको लागि काठमाडौंबाट कामदार ल्याइएको छ । बुट्टासहितको रंग लगाउने कामदार हेटौंडामा नपाएपछि काठमाडौंबाट झिकाएको बताइएको छ ।

कृषिसम्वन्धी ऐनहरु कार्यान्वयनमा ल्याइएको छः मन्त्री हुमागाँई

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाँईले प्रदेशमा कृषि सम्वन्धी ऐनहरु निर्माण गरेर कार्यान्वयनमा ल्याइएको बताएका छन् ।

शुक्रबार हेटौंडामा भएको प्रादेशिक खाद्य प्रणाली संभिक्षा तथा योजना तर्जुमा गोष्ठिलाई सम्बोधन गर्दै मन्त्री हुमागाँईले यस्तो बताएका हुन् । कानूनी रुपमा बाधा पुग्ने समस्याका कारण कामै गर्न अप्ठ्यारो भएका स्थानमा बाधा फुकाइएको हुमागाँईले बताए । उनले कृषि क्षेत्रमा क्रान्ती ल्याउनेगरी काम गर्नका लागि सबैलाई आग्रह गरे ।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकास राज्यमन्त्री इन्द्रमायाँ गुरुङले खाद्यमा परनिर्भर बन्दा भोकभौंकै बस्नुपर्ने समस्या नहुने

बताए । कृषि क्षेत्रमा बागमती प्रदेशले धेरै काम गरेको उनको दावी छ । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका मेयर भिना कुमारी लामाले कुनैपनि नीति र योजना बन्दा तल्लोस्तर सम्म काम गर्ने संयन्त्र बनाउनुपर्ने बताइन् ।

प्रदेश सरकारले राम्रो नीति बनाएर स्थानीय तहलाई कामको जिम्मा दिनुपर्ने उनको भनाई थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुइटेल, कृषि विकास निर्देशनालय हेटौंडाका निमित्त प्रमुख भरत प्रसाद विडारी, विउ विजन प्रयोगशाला हेटौंडाका प्रमुख राजन ढकाल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडाका कृषि विकास महासाखाका प्रमुख झलकनाथ कँडेल लगायतकाको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका योजना अधिकृत खड्गराज राई लगायतकाले प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रममा ६ वटा समुहको विभाजन गरेर समुहगत प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डाक्टर शरण कुमार पाण्डेको अध्यक्षतामा भएको थियो ।

विद्यालय शिक्षा सुधार विषयमा विद्यालयहरुसँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा क्याम्पसले विद्यालय शिक्षा सुधारमा उच्च शैक्षिक संस्थाको भूमिका विषयमा विभिन्न विद्यालयहरुसँग अन्तरक्रिया गरेको छ ।

शुक्रबार क्याम्पसले हेटौंडामा रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग विद्यालय शिक्षा सुधारमा उच्च शैक्षिक संस्थाको भूमिकाको विषयमा अन्तरक्रिया गरेको हो । क्याम्पस प्रमुख डाक्टर देव चन्द्र मानन्धर को सभाअध्यक्षता भएको कार्यक्रममा बागमती प्रदेशका शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक पूर्ण बहादुर दर्जीको प्रमुख आतिथ्यता र हेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि दर्जीले विद्यालयहरुमा गुणस्तरीय शिक्षाको अभाव रहेको बताए । उनले सैद्धान्तिकसँगै व्यवहारिक शिक्षा पनि आवश्यक रहेको औल्याए । क्याम्पसमा विद्यार्थी घट्नुको प्रमुख कारण शैक्षिक संस्थाहरुमा एउटै विषय पढाई हुनु रहेको उनको भनाई थियो । उनको अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकले प्रविधिको प्रयोगलाई जोड दिनुपर्छ ।

दर्जीले विद्यालय र क्याम्पसमा विद्यार्थी घट्नुको कारण गुणस्तरीय शिक्षाको अभाव पनि हो भन्दै उच्च शिक्षा प्रदान गर्ने क्रममा वि ए गरेका शिक्षकले पढाउने क्रामा विषय वस्तुको ज्ञान दिनसक्ने तर विएड गरेका शिक्षाले विषयवस्तु भन्दा मेथड्को ज्ञान भएको पाइएको बताए।उनले अब गुणस्तरीय शिक्षा प्रदान गर्न प्रविधिको भरपुर प्रयोग गर्न आवश्यक रहेको सुनाए ।

कार्यक्रममा सहभागी प्रधानाध्यापकले विद्यालयमा पर्याप्त जनशक्ति नहुनु, नीजि स्रोतबाट विद्यालय संचालमा समस्या, अभिभावक शिक्षा नहुनु, शिक्षकलाई आवश्यक तालिम संचालन गर्न नसक्नु प्रमुख समस्याको रुपमा र हेको औल्याएका छन् ।

कार्यक्रममा जनज्योती मविका प्रधानाध्यापक भोगेन्द्र लुइटेल, सिद्धार्थ माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहन प्रसाद शर्मा, हेटौंडा क्याम्पसका सहायक प्रमुख देवीराम लामा, चन्द्रोदय मविका प्रधानाध्यापक जीधराज ढकाल, प्रगती मविका प्रधानाध्यापक निरञ्जन ढकाल, हेटौंडा क्याम्पसका व्यावस्थापन विभाग प्रमुख लिला डुंगेल, हेटौंडा क्याम्पस प्राध्यापक संघका अध्यक्ष भूपेन्द्र कोइराला लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

बालजागृतिद्वारा विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बालजागृति ईग्लिस सेकेण्डरी स्कूलले एक आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ ।

हेटौंडा-२ स्थित बाल जागृति ईग्लिस सेकेण्डरी स्कूलले भीमफेदी गाउँपालिका-१, किसेडीस्थित दीपक आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको हो । बालजागृतिका विद्यार्थीको सक्रियतामा विद्यालयका विद्यार्थीसँगै संकलित रकम र विद्यालय प्रशासनको समेत सहयोगमा करिब १ लाख रुपैयाँ बराबरको न्यानो कपडा वितरण गरिएको छ ।

न्यानो कपडा वितरणको कार्यमा बालजागृतिले रोट्र्याक्ट क्लब अफ हेटौंडा र लियो क्लब अफ मकवानपुर डायमण्डसँगको पनि सहकार्य गरेको थियो । भीमफेदी गाउँपालिकाको ग्रामीण क्षेत्रका

विपन्न विद्यार्थीलाई जाडो मौसमको सुरुवातसँगै न्यानो कपडा वितरण गरिएको हो ।

बालजागृति स्कूल सञ्चालक समितिका अध्यक्ष दिनेश प्रसाद भण्डारी, प्रिन्सीपल विनोद सुवेदी, भाइसप्रिन्सीपल अमुल श्रेष्ठ, विद्यालयको सामाजिक कार्य क्लबकी अध्यक्ष सेस्ता विष्टसहितको समूह शुक्रबार दीपक आधारभूत विद्यालयमै पुगेर न्यानो कपडा वितरण गरिएको हो । दीपक आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मणिप कुमार स्याङ्तानको अध्यक्षतामा भएको न्यानो कपडा वितरण कार्यक्रममा वडा सदस्य मुक्ति लामाको प्रमुख आतिथ्य रहेको थियो ।

बालजागृतिले आगामी दिनमा दीपक आधारभूत विद्यालयको शैक्षिक क्रियाकलापमा निरन्तर सहयोग र सहकार्य गर्ने बालजागृतिका प्रिन्सीपल विनोद सुवेदीले बताए । दीपक आधारभूत विद्यालयका प्रधानाध्यापक गंगा लामाले प्राप्त सहयोगले विपन्न परिवारका विद्यार्थीलाई राहत मिलेको बताए । विद्यालयमा १ सय ७९ जना विद्यार्थी अध्ययनरत छन् ।

७ जना डेंगु संक्रमित थपिए

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मकवानपुरमा ७ जना डेंगु संक्रमित थपिएका छन् । शुक्रबार जिल्लाको विभिन्न स्थानका ७ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । योसँगै जिल्लामा डेंगु संक्रमितको संख्या ५ हजार ८१० जना पुगेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, उक्त तथ्याङ्क गत साउन महिनादेखि शुक्रबारसम्मको हो । जसमा ३ हजार १८२ जना पुरुष र २ हजार ६२८ जना महिला रहेका छन् । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् ।

जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३८५ जना पुरुष र १ हजार ९४३ जना महिला गरी ४ हजार ३२८ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५३५ जना पुरुष र ४८७ जना महिला गरी १ हजार २२ जना, थाहा नगरपालिकामा१०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३४ जना महिला गरी ७९ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् । यसैगरी, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा ३१ जना पुरुष र २७ जना महिला गरी ५८ जना, बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४९ जना, राक्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २४ जना, हाल ठेगाना नखुलेका १६ जना पुरुष र १७ जना महिला गरी ३३, अन्य जिल्लाका १४ जना पुरुष र १० जना महिला गरी २४ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा उक्त संक्रमणका कारण हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

HETAUDA CITY HOSPITAL PVT.LTD.

Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

Designation	No.	Salary (Rs)	Min. Qualifications
Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
CMA/ANM	Few	Negotiable	TSLC
Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

थप सुविधाका साथ हाम्रा सेवाहरु

बिगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार नांच भइरहेको जानकारी गराउंछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाडनोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मुगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्जलाम बुंगारा
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोहेन्द्र भुत्राल
- एनेस्थेसिया डा.सुबास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेराफिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रात, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.

हेटौंडा, मकवानपुर

०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना